"काठमाडौंको समग्र संमृद्धि ।
पर्यटन, कृषि, शिक्षा र संस्कृति ।।"

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको

# काठमाडौं जिल्लाको नवौं जिल्ला परिषद्बाट स्वीकृत
# आ.व. २०७३/०७४
# को
# नीति, कार्यक्रम तथा बजेट

## जिल्ला विकास समितिको कार्यालय
## काठमाडौँ ।

२०७२ फागुन ३० गते आईतवार

# स्थानीय विकास अधिकारी गोपाल कुमार अधिकारीज्यूबाट प्रस्तुत
# आ.व. २०७३/०७४ को नीति, कार्यक्रम तथा बजेट

प्रमुख अतिथिः माननीय उपप्रधान एवम् संघीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापाज्यू
विशिष्ट अतिथिः माननीय खानेपानी तथा सरसफाई मन्त्री प्रेमबहादुर सिंहज्यू
विशिष्ट अतिथिः माननीय भूमीसुधार तथा व्यवस्था राज्यमन्त्री विक्रम बहादुर थापाज्यू
विशिष्ट अतिथिः माननीय संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री कुन्ती कुमारी शाहीज्यू
विशिष्ट अतिथिः माननीय संघीय मामिला तथा स्थानीय विकास सहायक मन्त्री विराज बहादुर विष्टज्यू
विषेश अतिथिः काठमाडौं जिल्लावाट संसदमा प्रतिनिधित्व गर्नु भई यहाँ उपस्थित हुनुभएका व्यवस्थापिका संसदका माननीय सदस्यहरु
विशेष अतिथिः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यू
अतिथिः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिवज्यूहरु
अतिथिः स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (Dolidar) र पंजिकरण विभागवाट पाल्नुभएका महानिर्देशकज्यूहरु
अतिथिः काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू
अतिथिः काठमाडौं महानगरपालिका कार्यकारी अधिकृतज्यू
अतिथिः जिल्लामा क्रियाशील राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू
अतिथिः ललितपुर तथा भक्तपुर जि.वि.स.का स्थानीय विकास अधिकारीज्यूहरु
अतिथिः काठमाडौं जिल्लाका सबै नगरपालिकाका कार्यकारी अधिकृतज्यूहरु
जिल्ला समन्वय समितिका उपाध्यक्षज्यूहरु
सुरक्षा निकायका प्रमुखज्यूहरु
विषयगत कार्यालयका प्रमुखज्यूहरू
जिल्ला विकास समितिका पूर्व सभापति एवं उपसभापतिज्यूहरु
जि.वि.स. महासंघ, नगरपालिका संघ एवं गा.वि.स. महासंघका प्रतिनिधिज्यूहरु
गैरसरकारी संस्था, महासंघ लगायत विभिन्न गैसस एवं विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू
नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिज्यू
नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष एवं प्रतिनिधिज्यू
विभिन्न कार्यालय/संघसंस्थाका प्रतिनिधिज्यूहरू
जि.वि.स.,जिल्ला प्राविधिक कार्यालय, विषयगत कार्यालय र नगरपालिकाका सहकर्मी साथीहरू सञ्चारकर्मी मित्रहरू, एवं उपस्थित आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात काठमाडौं जिल्लाको नवौं जिल्ला परिषद्ले आ.व. २०७३/०७४ को लागि स्वीकृत गरेको वार्षिक नीति, कार्यक्रम तथा वजेट यस गरिमामय सभामा सार्वजनिक गर्न पाउँदा गौरवान्वित छु । हाम्रो आमन्त्रणलाई स्वीकार गरी यस कार्यक्रममा पाल्नुभएका श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, विशेष अतिथिज्युहरु, अतिथिज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरूमा जिल्ला विकास समिति, काठमाडौँको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस गरीमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा सकृय भई राष्ट्रका लागि आफ्नो जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

काठमाडौं उपत्यका एवं राजधानीको एकीकृत विकासको अवधारण अघि वढिरहेको सर्न्दभमा जिल्ला विकास समितिले पनि आफ्नो भूमिकालाई सोही दिशामा केन्द्रित गर्दै लैजानु पर्ने कुरालाई समेत हृदयंगम गर्दै सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी यो नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरु,

अव म यहाँहरू समक्ष गत आ.व. २०७१/०७२ को प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गत आ.व. ०७१/०७२ मा नेपाल सरकारवाट जिविसलाई विभिन्न योजना तथा कार्यक्रमहरू संचालनका लागि रु. ८० करोड ७६ लाख ६६ हजार विनियोजन भएकोमा नेपाल सरकारबाट असारमसान्तसम्म निकासा प्राप्त रु. ७० करोड ११ लाख १६ हजार मध्ये ६५ करोड ४४ लाख ४३ हजार अर्थात ९३ प्रतिशत खर्च भएको छ । त्यसैगरी राजश्व फाँडफाँड समेत आन्तरिक स्रोततर्फ रु. ३८ करोड १९ लाख ८० हजार आम्दानी भई रु. २० करोड ३६ लाख ४८ हजार खर्च भएको जानकारी गराउन चाहन्छु ।

उल्लेखित स्रोतवाट गत आ.व.मा भएका प्रमुख भौतिक उपलव्धिमा यस प्रकार रहेका छन् ।

१) सडकतर्फः कालोपत्रे १.१ किलोमीटर, ग्राभेल १२.८ किलोमीटर र ढलान ३.०६ किलोमीटर निर्माण कार्य सम्पन्न भएको छ भने विभिन्न स्थानमा गरी ३३ कि.मी. सडक स्तरोन्नति गर्ने कार्य समेत सम्पन्न गरिएको छ ।

२) पक्की पुल निर्माणतर्फ कपन निलो पुलको निर्माण कार्य आ.व. ०७१/७२ मा सम्पन्न भएको छ ।

३) ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लाका विभिन्न क्षेत्रहरुमा ४० वटा खानेपानी आयोजनाका लागि रु. १ करोड ५० लाख ५७ हजार खर्च भई सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ । साथै काठमाडौं जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्दै जाने अभियानले पनि निकै फड्को मारेको अवगतै छ ।

४) सुन्दरीजल फँलाटेको ट्रस्ट वृज र साँखु शालिनदीको ट्रस्ट वृज को निर्माण कार्य सम्पन्न भएको छ ।

५) भारतीय दूतावासको सहयोगमा भद्रकालीस्थित खाद्य प्रयोगशाला भवन, गोठाटार स्थित मदन आश्रित प्राविधिक शिक्षालयको छात्रावास भवन र गान्धी आदर्श उच्च मा.वि.को भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरण हुने अवस्थामा रहेका छन् ।

६) साना सिंचाई कार्यक्रमतर्फ गत आ.व. मा ४ वटा योजनाको लागि रु ११ लाख ६३ हजार वजेट खर्च भई सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ ।

७) व्यक्तिगत घटना दर्तातर्फ गत वर्ष यस जिल्लामा जन्म, मृत्यु, विवाह, वसाई सराई र सम्वन्ध विच्छेदका जम्मा १५,३४८ वटा घटना दर्ता भएका थिए ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अव म यहाँहरू समक्ष चालु आ.व. २०७२/०७३ को हालसम्मको प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ.व. २०७२/७३ को लागि राजश्व बाँडफाँड, आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त हुने अनुदान गरी रु. ५८ करोड ३० हजार अनुमानित आयव्यय सार्वजनिक गरिएकोमा माघ मसान्तसम्म राजश्व बाँडफाँड तथा आन्तरिक स्रोततर्फ १३ करोड ८९ लाख ९ हजार र नेपाल सरकारतर्फको रु. ४० करोड ५६ लाख १० हजारको अख्तियारी सहित जम्मा रु ५४ करोड ४५ लाख २० हजार स्रोत व्यवस्था भएको छ जसमध्ये हालसम्म ६ करोड ३४ लाख ४ हजार अर्थात ३ प्रतिशत भुक्तानी भएको निवेदन गर्न चाहन्छु । गत बर्षको विनाशकारी भूकम्प एवं चालु आ.व.को शुरुवातसंगै मुलुकले व्यहोरोको इन्धन संकट, योजनामा पेश्की शून्य गर्ने नीति लगायतले पूंजीगत खर्च न्यून देखिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

चालु आ.व.को हालसम्म भएका प्रमुख उपलब्धिमा यस प्रकार रहेका छन् ।

१) तीनथाना विष्णुदेवी पुलको निर्माण कार्य चालु आ.व.मा सम्पन्न गर्ने लक्ष्यका साथ कार्य अघि वढाईएको छ ।

२) चालु आ.व.मा नाङ्लेभारे कुण्डेश्वर ट्रस्ट वृज, नाङ्लेभारे पोखरीखोला झोलुङ्गेपुल, गंगाहिटी धोवीखोला ट्रस्ट वृज र नाङ्लेभारे घट्टेखोला ट्रस्ट वृज गरी थप ४ वटा झो.पु.को फेब्रिकेशन कार्य सम्पन्न भई चालु आ.व. मा नै जडान कार्य सम्पन्न गर्ने लक्ष्य लिई कार्य अघि वढाईएको छ ।

३) जिल्लास्तरीय सडक योजनाहरू निश्चित अवधिभित्र सम्पन्न गर्न अधिकतम स्रोत परिचालन गरी कार्य गर्ने जि.वि.स. को नीति वमोजिम चालु आ.व.मा १० वटा जिल्लास्तरीय सडकहरूको लागि आन्तरिक स्रोतवाट ४ करोड र ५ वटा जिल्लास्तरीय सडकको लागि स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अर्न्तगत रु ७७ लाख ३१ हजार वजेट स्वीकृत गरी कार्यान्वयन प्रकृया अघि वढाईएको छ ।

४) भारतीय दुतावासको सहयोगमा संचालित योजना अर्न्तगत वूढानीलकण्ठ मन्दिर परिसरमा मठाधिश भवन निर्माण कार्य भैरहेको छ । कोटेश्वर क्याम्पसको भवन निर्माण प्रकृया प्रारम्भ हुने क्रममा छ । बुढानीलकण्ठ नगरपालिकामा एकल महिला छहारी भवन निर्माणको लागि

सम्झौता भई शिलान्यास समेत भईसकेको छ भने डिल्लीवजारस्थित पद्मकन्या उच्च मा.वि.को परिसरमा मंगलादेवी महिला छात्रावास भवनको पनि निर्माण कार्य शुरु भएको छ ।

५) जिल्लास्तरीय सडक अन्तर्गत चालु आ.व.को लागि जि.वि.स.को आन्तरिक स्रोत अन्तर्गत ईलाकास्तरीय गोष्ठीवाट छनौट भई आठौं जिल्ला परिषद्वाट स्वीकृत ३ करोड ५ लाख रकमवाट ११३ वटा ईलाकास्तरीय योजना तथा कार्यक्रम कार्यान्वयन प्रकृया अघि वढाईएको छ ।

६) आ.व. ०७१/७२ मा केन्द्र तर्फको कुल वेरुजु मध्ये ५०.५९ प्रतिशत वेरुजु सम्परीक्षण भई हाल कायम रहेको वेरुजु वेरुजु १४ करोड ८० लाख ४५ हजार मध्ये चालु आ.व.को हालसम्म ७३ लाख ९७ हजार सम्परीक्षण भएको तथा बाँकीको सम्परीक्षण कार्य जारी रहेको व्यहोरा अनुरोध गर्दछु । आन्तरिक स्रोततर्फ लगत कायम भएको ६५ करोड ७५ लाख २४ हजार मध्ये गत विगत देखि हालसम्म ५९ करोड ७८ लाख ८२ हजार फछ्यौट/सम्परीक्षण भई ५ करोड ९६ लाख ४१ हजार कायम रहेको ।

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७३/७४ का लागि जिल्ला विकास योजना तर्जुमा गर्दा लिईएका मुख्य मुख्य नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७३/७४ को जिल्ला विकास योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ का व्यवस्थाहरू, नेपाल सरकार, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शनलाई मुख्य आधार बनाइएको छ ।

## काठमाडौं जिल्लाले आ.व. ०७३/७४ का लागि लिएका मुख्य मुख्य नीति

### १) भौतिक पूर्वाधार विकास तर्फ

- आवधिक जिल्ला विकास योजनाले परिलक्षित गरेका योजनाहरु, जिल्ला यातायात गुरु योजनामा समावेश भएका सडकहरु, ईलाकास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, राष्ट्रिय पुर्नःनिर्माणका योजना तथा कार्यक्रमहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी नगरपालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।

- काठमाडौं जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा भईसकेकोले यस योजनाले परिलक्षित गरेका क्षेत्रहरुमा नै आगामी योजना तथा कार्यक्रमहरु छनौट गरिने नीति लिईएको छ ।

- विषयगत निकाय तथा जिल्लास्तरीय कार्यालयहरुले समेत आगामी आ.व. ०७३/७४ को कार्यक्रम तथा योजना छनौट गर्दा ईलाकास्तरीय भेलावाट प्राप्त भएका योजनाहरुलाई नै मुख्य प्राथमिकतामा राखी छनौट गर्न जोड दिइएको छ ।
- काठमाडौं उपत्यकाको एकीकृत विकास सम्वन्धि गोदावरी घोषणा, २०७२ को कार्यान्वयनको लागि जि.वि.स.ले आवश्यक पहल गर्नेछ ।
- जिल्ला विकास समितिले रणनैतिक महत्वका पूर्वाधार विकास र जिल्लास्तरीय योजनामा ध्यान केन्द्रित गर्दै चालु आ.व. देखि नै रु ५ लाखसम्मका योजनाहरु नगरपालिकाहरु मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।
- जि.वि.स.ले सडक निर्माणमा नयां ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छ ।
- उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन पूर्व योजना संचालन सम्वन्धी तालिम अनिवार्य रुपमा दिईनेछ ।
- योजनाहरुको नियमित मर्मत संभार गर्ने काममा सम्वन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार वनाईनेछ । उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने कार्यलाई प्रभावकारी वनाउदै हस्तान्तरित योजनाको लागि मर्मत संभार कोषमा जि.वि.स.वाट समेत रकम उपलव्ध गराउने नीति लिईएको छ ।
- नगरपालिका तथा सरोकारवाला निकायहरुसंग जि.वि.स.ले समन्वय गरी जिल्लाभित्रका विभिन्न सडकहरु मध्ये मापदण्ड निर्धारण भई सकेका सडकहरुको सूचना प्रवाह गरिने तथा मापदण्ड निर्धारण हुन बाँकी सडकहरुको मापदण्ड निर्धारण गरी सरोकारवालाहरुलाई जानकारी गराईनेछ ।
- सार्वजनिक निजी साझेदारीका आधारमा संचालन गर्न सकिने आयोजनाहरुको पहिचान गरी कार्यान्वयन गर्दै जाने नीति लिईनेछ । यस कार्यका लागि वित्तीय संस्थाहरु संग समेत सहकार्यको पहल गरिनेछ ।
- महिला वा दलित समुदायका व्यक्तिहरु मात्र समावेश भई गठन भएको उपभोक्ता समिति मार्फत संचालन भएका योजनाहरु प्रभावकारी रुपमा समयमै सम्पन्न भएमा उक्त योजनामा विनियोजित बजेटको १० प्रतिशत रकम पुरस्कार स्वरुप मर्मत संभार कोषमा उपलव्ध गराउने नीति चालु आ.व. वाट नै अवलम्वन गरिनेछ ।
- साविकमा जिल्ला सडकको रुपमा परिभाषित गरिएका र हाल एउटै नगरपालिकाको भूगोलभित्र पर्ने सडकहरुलाई नगरस्तरीय सडकमा रुपान्तरण गरी नगरपालिकाहरुमा हस्तान्तरण गर्ने नीति लिइनेछ ।

- सार्वजनिक यातायातलाई सर्वसुलभ एवं सुरक्षित वनाउन विशेष गरी सन्ध्याकालीन सार्वजनिक यातायात सेवालाई प्रभावकारी संचालन गर्न सम्वन्धित निकायहरुसंग सहकार्य एवं पहल गरिनेछ ।

**२) सामाजिक विकास तथा लक्षितवर्गतर्फ**

जातीय, क्षेत्रीय र लैगिंक भेदभावमुक्त, समतामूलक सम्वृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्न राष्ट्रिय नीति अनुरुप लैगिंक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई दीगो विकासका लागि देहायका नीति लिईनेछ ।

- महिला, वालवालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक, मधेशी, मुस्लिम, अपाङ्गता भएका, पिछडिएका वर्ग र आर्थिक रुपले विपन्न खस आर्य, यौनिक अल्पसंख्यकको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- स्थानीय निकाय लैगिंक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एवं परीक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि वढाईनेछ । साथै लैंगिक क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघसंस्थासंग समन्वय गरी जिल्लाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरिनेछ ।
- सडक वालवाललिका, हिंसा पीडित वालवालिका, हराएका वालवालिका र अपाङ्गता भएका बालवालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालवालिकाको क्षमता विकासका लागि जिल्ला वालकल्याण समिति र नागरपालिकासंग समन्वय गरी वालक्लव, वडा वाल संरक्षण समिति, नगर वाल संरक्षण समिति र जिल्लास्तरीय वाल संजाल तयार गर्ने नीति लिईएको छ ।
- सोह्र वर्ष मुनिका नावालक सन्तान भएका एकल महिलाहरुका लागि स्वरोजगारमूलक तालिम दिई जीविकोपार्जनका लागि वस्तुगत टेवा सहितको कार्यक्रम प्रारम्भ गरिएको छ ।
- लैगिंक हिंसा राहत कोषमा जि.वि.स.वाट समेत आर्थिक सहयोग उपलव्ध गराईनेछ ।
- हिंसा पीडित, एकल महिला, जोखिममा परेर वैदेशिक रोजगारीबाट फर्केका महिला, वेसहारा एवं अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षण र प्रवर्द्धन गर्न उक्त क्षेत्रमा कार्यरत गैसस, महिला तथा बालबालिका कार्यालय लगायत अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

- काठमाडौं जिल्लालाई बालमैत्री जिल्ला वनाउन बालमैत्री स्थानीय शासन सम्वन्धी रणनीतिक योजना अनुसार अन्य साझेदार संगको समन्वय र साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।
- नँया निर्माण तथा पुर्ननिर्माण हुने सरकारी भवन, सार्वजनिक स्थल, सडक यातायात लगायतका पूर्वाधार संरचना अपाङ्गमैत्री वनाउन प्रेरित गरिनेछ ।
- नगरपालिकाहरुसंग साझेदारी गरी अपाङ्गता सम्वन्धि जिल्ला प्रोफाईल तयार गरिनेछ ।
- सामाजिक परिचालन मार्फत सहभागितात्मक योजना तर्जुमा, गरिवी न्यूनीकरण, जीविकोपार्जन सुधार, सामाजिक भेदभाव उन्मूलन, साक्षरता अभियानमा अनुशिक्षण, अनुगमन तथा अभिमुखीकरण लगायत वहुआयामिक कार्यहरुमा नगरपालिकासंग समन्वय र सहकार्य गरिने छ । साथै सामाजिक परिचालन गर्ने निकायहरु विच समन्वय गरी कार्य संचालनका क्रममा देखिएको दोहोरोपना हटाउन आवश्यक पहल गरिनेछ ।
- जेष्ठ नागरिकहरूको मनोवल उच्च राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- युवा तथा खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकासंगको समन्वय र सहकार्यमा नगरस्तरीय खेलकुद विकास कार्यक्रम संचालन गर्न आवश्यक समन्वय र साझेदारी गरिनेछ ।
- आदिवासी/जनजातिहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकिरण गर्दै नँया सीप तथा रोजगारमुखी कार्यक्रम संचालन गर्न उत्पेरित गरिएको छ ।
- दलितहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकिकरण गर्दै दलित युवाहरुलाई स्वरोजगार वनाउन सीपमूलक तालिमको व्यवस्था गरिएको छ ।

**३) पर्यटनतर्फ**

- नगरपालिकासंग साझेदारी गरी एक नगरपालिका एक उद्यान र एक नगरपालिका एक पोखरी कार्यक्रमलाई अघि वढाईनेछ ।
- काठमाडौ जिल्लाका विभिन्न स्थललाई पर्यटकीय गन्तव्यको रुपमा विकास र प्रवर्द्धन गर्नका लागि पर्यटन वोर्ड एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरी होमस्टे, पदमार्ग विकास लगायतका पर्यटन प्रवर्द्धन र विस्तारका योजना तथा कार्यक्रम संचालन गरिनेछ । यस कार्यको लागि विज्ञहरुको सुझाव लिई स्थलगत अध्ययन, भ्रमण र छलफल समेत गरी स्थान पहिचान गरिनेछ ।
- जिल्लाभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा स्थानीय पर्व, जात्रा एवं महोत्सवका लागि जि.वि.स.वाट गरिने सहयोगलाई निरन्तरता दिईने छ ।

**४) शिक्षातर्फ**

- सामुदायिक विद्यालयलाई शैक्षिक गुणस्तरमा सुधार गर्न तथा पूर्वाधार विकासमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- दलित, आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्गता भएकाहरू र विपन्न जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न १२० जनालाई कोटा प्रदान गरी छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आ.व. ०७३/७४ मा काठमाडौं जिल्लाका भूकम्प पीडित विद्यार्थीहरुका लागि ३० वटा कोटा वृद्धि गरी कुल १५० जनालाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- निजामती एवं अन्य सरकारी सेवामा समावेशी सहभागीतालाई वल पुर्‍याउन नगरपालिकाहरुसंग समन्वय गरी लोकसेवा तयारी कक्षा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- काठमाडौं जिल्लामा विद्यमान वढ्दो शैक्षिक वेरोजगारलाई मध्यनजर गर्दै महिला, दलित, आदिवासी जनजातिहरूका युवा तथा भूकम्प प्रभावितहरुलाई लक्षित गरी CTEVT, बालाजु प्राविधिक शिक्षालय लगायतका निकायहरुसंग सहकार्य गरी स्वरोजगारमुलक तालिम प्रारम्भ गरिनेछ ।
- काठमाडौंलाई पूर्ण साक्षर जिल्ला घोषणा गर्न जिल्ला शिक्षा कार्यालयको संयोजनमा कार्ययोजना वनाई लागू गरिनेछ ।

**५) आर्थिक विकासतर्फ**

- परम्परागत कृषि प्रणालीलाई आधुनिक, व्यवसायीकरण तथा विविधीकरण गर्ने कार्यलाई प्रोत्साहन गर्न जिल्ला कृषि विकास कार्यालय, नगरपालिका तथा यस क्षेत्रमा क्रियाशिल गैससहरुसंग सहकार्य गरिने छ ।
- सहकारीता प्रवर्द्धनका लागि तालिम लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- गैर सरकारी संस्थाहरुको कार्य अझ प्रभावकारी, उत्तरदायी र पारदर्शी वनाउन जोड दिनुका साथै अनुगमन कार्यलाई अझ सकृय वनाईने छ । जि.वि.स., नगरपालिका र विषयगत निकायहरुसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने गै.स.स.हरुको मात्र नविकरण सिफारिस गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

**६) स्वास्थतर्फ**

- जनस्वास्थलाई अत्यावश्यक, आधारभूत तथा मौलिक अधिकारको रुपमा स्थापित गर्दै स्वास्थ संस्थाहरुको स्तरोन्नति एवं स्वास्थ सेवा प्रवाहलाई गुणस्तरीय वनाउन आवश्यक समन्वय, सहकार्य र प्रभवकारी अनुगमन गरिनेछ ।

- विभिन्न खोप अभियान लगायत विभिन्न सरुवा रोगहरुको न्यूनीकरण एवं राष्ट्रिय स्तरका अभियानहरु संचालन गर्न सम्वन्धित निकायसंग सहकार्य गरिने छ ।
- जिल्ला एड्स समन्वय समितिलाई क्रियासिल गराई एचआईभी/एड्स न्यूनीकरण गर्ने अभियानलाई उक्त क्षेत्रमा कार्यरत गै.स.स.हरुसंग सहकार्य गरिनेछ ।

**७) आन्तरिक आय र राजश्व परिचालनतर्फ**

- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन । नगरपालिका घोषणासगै जि.वि.स.को आन्तरिक आयमा केही संकुचन हुन गएको हुँदा यसवाट पर्न जाने असर कम गर्न थप केही क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको तथा केहि वस्तुका करको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न नगरपालिका, स्थानीय समुदाय एवं स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- निजी जग्गा व्यवस्थापनका क्रममा जम्मा भएका ढुंगा, गिटी, वालुवा तथा माटो निकासी एवं विक्रीको लागि कार्यविधि वनाई सोही बमोजिम अनुमती दिने गरिएको छ । उक्त कार्यविधिलाई चालू आ.व.मा आवश्यक परिमार्जन गरिने छ ।

**८) खानेपानी, सरसफाइ तथा वातावरणतर्फ**

- विनाशकारी भूकम्प पश्चात काठमाडौं जिल्लाका विभिन्न क्षेत्रमा पानीका मुहानहरु स्थानान्तरण भई साविकका अधिकांस स्थान पानीको स्रोत विहिन भई खानेपानीको समस्या वढ्दै गएकोले उक्त स्थानहरुको पहिचान गरी खानेपानी व्यवस्थापनलाई विशेष प्राथमिकता दिन पहल गरिनेछ ।
- काठमाडौं जिल्लालाई खुला दिसामुक्त जिल्ला वनाउन नगरपालिकाहरुसंग सहकार्य गरी अभियान संचालन गरिनेछ । जिल्लालाई खुला दिसामुक्त जिल्ला घोषणा गर्ने लक्ष्य पूरा गर्न मौजुदा रणनीति/कार्ययोजना पुनरावलोकन गरिनेछ ।
- नगरपालिका, विषयगत कार्यालय, जिल्लाका वित्तीय संस्थाहरु तथा अन्य साझेदार संस्थाहरुसंगको समन्वयमा सार्वजनिक शौचालयको निर्माण एवं व्यवस्थापन कार्य अघि वढाईनेछ ।
- फोहोर मैला व्यवस्थापन तथा प्रवर्द्धन केन्द्रसंग सहकार्य गरी नगरपालिकाहरुको फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाइने नीति लिईनेछ ।
- वाग्मती, विष्णुमती, धोवीखोला, मनोहरा लगायत उपत्यकाका नदीहरूको सरसफाई अभियानलाई सफल र दीगो वनाउन सरोकारवाहरुसंगको सहकार्यलाई अझ प्रभावकारी वनाईने छ ।

- सन् २०१७ सम्म काठमाडौ जिल्लालाई घरभित्रको धुवाँ मुक्त वनाउने जारी अभियानलाई अझ तीव्र पारिनेछ ।
- देशले भोगिरहेको उर्जा संकट न्यूनीकरणलाई टेवा पुर्‍याउने उद्देश्यले नविकरणीय उर्जा विस्तारमा सहयोग पुर्‍याउन बजेटको व्यवस्था गरिएको छ साथै जि.वि.स.को संयोजनमा जिल्ला उर्जा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ । चालु आ.व.मा निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगतका योजनाहरुमा समेत उल्लेख्य मात्रामा रकम विनियोजन गरिएको व्यहोरा जानकारी गराउदछु ।
- पुराना तथा ऐतिहासिक महत्वका शहरहरु एवं धार्मिक स्थलहरुलाई लक्षित गरी शुरु गरिएको सौर्य वत्ती जडान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान संचालन गरिनेछ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।
- सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि सोलार लालटीन वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**९) संस्थागत सुशासन तथा सेवा प्रवाहतर्फ**

- सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी एवं विश्वसनीय वनाउदै सुशासन कायम गर्न सा**र्व**जनिक सुनुवाई, नागरिक वडापत्र, उपभोक्ता समितिवाट भएका कार्यहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, वेभ साईट अद्यावधिक एवं गुनासो सुन्ने र सूचना प्रवाह गर्ने कार्यलाई अझ प्रभावकारी वनाईने छ ।
- आयोजनाहरुको गुणस्तरमा वृद्धि गर्नको लागि कार्यालय हाताभित्र रहेको प्रयोगशालालाई स्तरोन्नत्ति गरी थप व्यवस्थित गरिनेछ ।
- योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण समितिलाई सकृय बनाउनुका साथै व्यवस्थापिका संसदका माननीय सदस्यज्यूहरुको नेतृत्वमा जिल्लामा भएका विकास क्रियाकलापहरुको चालु आ.व.मा समेत संयुक्त अनुगमन गर्न जि.वि.स.वाट आवश्यक संयोजन गरिनेछ ।
- जिल्ला सूचना तथा अभिलेख केन्द्रलाई थप व्यवस्थित गरीनेछ ।
- जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) सम्वन्धि सूचकहरुको प्रगति सम्वन्धित विषयगत निकायहरुवाट नै प्रविष्टि गर्ने व्यवस्था मिलाईनेछ । उक्त कार्यको लागि जिल्ला विकास समितिले प्राविधिक सहयोग एवं समन्वय गर्नेछ ।

- सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय शासन प्रणालीलाई अझ सशक्त बनाउँदै विद्युतीय हाजिरी शुरु गरिएको छ । विद्युतीय नागरिक वडापत्र तथा शाखागत सूचनापाटीलाई अझ प्रभावकारी वनाईनेछ ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धी गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउन मागको आधारमा तालिम/कार्यक्रम संचालन गरिनेछ ।
- सवै शाखाहरुमा सीसि टिभी जडान गरी आन्तरिक अनुगमनलाई सशक्त बनाईनेछ ।
- बेरुजू सम्परीक्षणलाई प्राथमिकतामा राखी तिव्र गतिमा कार्य अघि वढाईनेछ ।
- जि.वि.स.को स्वामित्वमा रहेको वलम्वु क्षेत्रको जग्गा संरक्षण एवं उपयोगका लागि ठोस योजना अगाडी वढाईनेछ । योजना वनाउदा नगरपालिका तथा अन्य सरकारी निकाय संगको सहकार्यलाई पहिलो प्राथामिकता दिईनेछ ।
- काठमाडौं जिल्ला भित्रका सार्वजनिक जग्गा संरक्षण तथा सार्वजनिक एवं पर्ती जग्गाहरुको एकिकृत लगत तयार गर्न जि.वि.स.ले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

**१०) विपद् जोखिम न्यूनीकरणतर्फ**

- वि.स. २०७२ वैशाख १२ गतेको बिनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनहरुले काठमाडौं जिल्लामा ठूलो मात्रामा धनजनको क्षति भएको, साथै धरहरा, काष्ठमण्डप लगायत विश्व सम्पदा सूचीमा समावेश भएका ऐतिहासिक पुरातात्विक महत्वका अनेकौं प्राचिन सम्पदाहरुको अपुरणीय क्षति भएको दुखद् घटनावाट पाठ सिक्दै भूकम्प प्रतिरोधी संरचना निर्माणमा ध्यान दिईनेछ ।
- नगरपालिका, विषयगत कार्यालय, जि.वि.स.को सहकार्यमा भूकम्प प्रतिरोधी संरचना निर्माणमा विज्ञता राख्ने संस्था तथा निकायसंग समन्वय गरी भूकम्प प्रतिरोधी संरचना निर्माण सम्वन्धी तालिम संचालन गरिनेछ ।
- राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण, केन्द्रिय तथा जिल्ला दैवी प्रकोप उद्धार समिति लगायत अन्य सम्वद्ध निकायहरुसंग समन्वय गरी पुननिर्माण महाअभियानमा जिल्लाको संरचनालाई तत्परताका साथ संलग्न गराईने छ ।
- जिल्ला विपद् प्रतिकार्य योजनालाई अद्यावधिक गरी यसको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।

**आदरणीय महानुभावहरु**

अव म आगामी आ.व. ०७३/७४ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्दछु ।

१) आगामी आ.व.मा १० वटा जिल्ला स्तरीय सडकको लागि रु. १ करोड ५० लाख

२) इलाकास्तरीय गोष्ठी मार्फत छनौट गरिएका योजना तथा कार्यक्रमहरुको लागि जम्मा रु २ करोड

३) स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमतर्फका १७ वटा सडकहरुको लागि रु १ करोड ७३ लाख (साविकका जिल्लास्तरीय ४ वटा सडकहरुलाई समेत चालु आ.व. वाटै यस शिर्षकमा राखिएको )

४) ग्रामीण खानेपानी तथा सरसफाईतर्फ १५ वटा योजना/कार्यक्रमहरुको लागि रु ७० लाख

५) साना सिचाई, नदी नियन्त्रण तथा अन्य पूर्वाधार कार्यक्रम अर्न्तगत १४ वटा योजनाको लागि रु ८० लाख

६) ग्रामीण पुन:निर्माण तथा पुन:स्थापना परियोजना अन्तरगत ३ करोड ८४ लाख २७ हजार

७) भुकम्प आपतकालीन सहायता आयोजना (EEAP) अर्न्तगतका (क) भ्कोरमहांकाल साङ्गला जीतपुरफेदी बोहराटार पूरानो जयवागेश्वरी सडक (ख) संतुगल मातातिर्थ देउराली मकवानपुर सडक (ग) साँखु पालुवारी नगरकोट सडक योजनाका लागि जम्मा रु. २० करोड

८) भारतीय दूतावासको आर्थिक सहयोगमा साना विकास परियोजना अर्न्तगत ८ वटा योजनाहरूको लागि ७ करोड ४७ लाख १० हजार र भूकम्प पछिको पुन:निर्माण परियोजना अर्न्तगत ३ वटा योजनाको लागि १ करोड ४२ लाख ३५ हजार विनियोजन गरिएको छ ।

९) सहभागितामूलक योजना तर्जूमाका चरणहरु पार गर्दै नगरपरिषद्/ईलाकास्तरीय गोष्ठी/एकिकृत योजना तर्जुमा गोष्ठीवाट सिफारिश भई आएका पूर्वाधार तर्फका अन्य योजनाहरुको लागि थप रु ५ करोड

१०) विद्युत रोयल्टी अर्न्तगत उर्जा एवं विद्युतीकरणका लागि रु १ करोड

११) आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्गका आदिवासी जनजाति, दलित, गरीव, महिला, अपांग, मुस्लिम लगायत भूकम्पवाट प्रवाहित जेहेन्दारमध्ये १५० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न रु. ७ लाख ५० हजार

१२) महिलाहरुलाई प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमहरुको लागि रु १ करोड १६ लाख ९२ हजार

१३) बालवालिकालाई प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमहरुको लागि रु १ करोड १६ लाख ९२ हजार

१४) आदिवासी जनजातिहरुलाई प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमको लागि ६५ लाख

१५) दलित वर्गको प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमको लागि रु ४७ लाख

१६) अपाङ्गता भएकाहरुलाई प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमको लागि २८ लाख

१७) जेष्ठ नागरिकहरुलाई प्रत्यक्ष लाभान्वित हुने योजना तथा कार्यक्रमको लागि १५ लाख

१८) मधेसी, मुस्लिम, पिछडिएका खस आर्य, यौनिक अल्पसंख्यक लगायतका लक्षित वर्गहरुको लागि रु १५ लाख

१९) शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता सेवामूलक क्षेत्रसंग सम्वन्धित योजना, कार्यक्रम तथा क्रियाकलापहरु संचालन गर्न रु ३६ लाख ५० हजार

२०) पत्रकारीता प्रवर्द्धन कार्यक्रमको लागि रु ३ लाख

२१) समपुरक कोष अर्न्तगत रु. १ करोड

२२) मर्मत संभार कोष अर्न्तगत ५० लाख

**आदरणीय महानुभावहरू,**

अब म आगामी आर्थिक वर्ष २०७३/०७४ को लागि कूल आय व्यय अनुमान प्रस्तुत गर्दछु ।

जिल्ला विकास समितिको आन्तरिक स्रोत, राजश्व बाँडफाँड, विद्युत रोयल्टी, जि.वि.स. अनुदान समेत गरी जि.वि.स.को कुल बजेट रु. ८३ करोड ७५ लाख ८१ हजार रहेको छ । त्यसैगरी काठमाडौं महानगरपालिका, १० वटा नगरपालिकाहरु, विषयगत कार्यालयहरू र जिल्ला परिषद्मा पेश गरेका अन्तराष्ट्रिय/राष्ट्रिय गैससहरु समेतको जम्मा कुल बजेट रु. १२ अर्व ६२ करोड २१ लाख १३ हजार अनुमान गरिएको छ ।

**आ.व. २०७३/०७४ को लागि काठमाडौं जिल्लाको प्रस्तावित बजेट देहाय बमोजिम रहेको छ ।**

| क्र.सं. | विवरण | आ.व. ०७३/७४ को प्रस्तावित बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा |
| **१** | **जि.वि.स. तर्फको जम्मा** | **७४११०** | **७६३४७१** | **८३७५८१** |
| १.१ | जि.वि.स.तर्फ (आन्तरिक स्रोत, विद्युत रोयल्टी, जि.वि.स. अनुदान समेत) | ४४१२० | २४०९४० | २८५०६० |
| १.२ | वाह्य स्रोत तर्फ (केन्द्रवाट प्राप्त सर्शत अनुदान) | २९९९० | ५२२५३१ | ५५२५२१ |
| **२** | **अन्य निकाय तर्फको जम्मा** | **५५८४७६५** | **६१९९७६७** | **११७८४५३२** |
| २.१ | काठमाडौं महानगरपालिका | ६४९८५० | ३१९०२२० | ३८४००७० |
| २.२ | १० वटा नगरपालिका | ४९५२२७ | ११३८८५१ | १६३४०७८ |
| २.३ | विषयगत कार्यालयहरू * | ४४३९६८८ | ८३०२०२ | ५२६९८९० |
| २.४ | जिल्लामा कार्यरत गै.स.स. * | | १०४०४९४ | १०४०४९४ |
| | **कुल जम्मा (१+२)** | **५६५८८७५** | **६९६३२३८** | **१२६२२११३** |

* जिल्ला परिषद्मा बजेट तथा कार्यक्रम प्रस्तुत गरेको विषयगत कार्यालय र गै.स.स.हरुको बजेट मात्र समावेश छन् ।

**आदरणीय महानुभावहरूद्द**

प्रस्तुत नीति, योजना र बजेट कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह, सुझाव र प्रेरणाका लागि माननीय उपप्रधान एवं स्थानीय विकास मन्त्रीज्यू लगायत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको राजनैतिक र प्रशासनिक नेतृत्व, काठमाडौंवाट

व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरु, विभिन्न राजनैतिक दल, नागरिक समाजका अगुवा, वुद्धिजीवि तथा विकासप्रेमी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**श्रद्धेय महानुभावहरु,**

योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिँदैन, त्यसको लागि प्रभावकारी कार्यान्वयन र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिक दल, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सबै जिल्लावासी दाजुभाइ दिदीबहिनीहरुको साझा प्रयास र प्रतिवद्धता आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरुबाट सदा झैं सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

**अन्त्यमा,**

अति व्यस्त सयमका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी काठमाडौं जिल्लाको नवौं जिल्ला परिषद्को निर्णय सार्वजनिकीकरण समारोहमा पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि, अतिथिज्यू लगायत उपस्थित सम्पूर्ण अतिथि महानुभावहरूप्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

साथै यो नीति योजना तथा कार्यक्रम तर्जुमाको क्रममा अहोरात्र खट्ने जि.वि.स. र जिल्ला प्राविधिक कार्यालयका सहकर्मी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ! नमस्कार !

**मितिः २०७२/११/३०**

**गोपाल कुमार अधिकारी**
**स्थानीय विकास अधिकारी**
**जिल्ला विकास समिति, काठमाडौं**